# कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर राखी जिल्ला प्रशासन कार्यालय, मोरङ्गका प्रमुख जिल्ला अधिकारी कोशि राज दाहालबाट जारी आदेश

मोरङ्ग जिल्लामा कोरोना भाइरस (COVID-19) को संक्रमणको दोश्रो लहरको नयाँ कोभिड भेरिएन्ट अझै सकिएको छैन । कोभिड-१९ का कारण अस्पतालमा भर्ना हुनेहरु अझै छन् भने यसका कारण नागरिकको दैनिक मृत्यु समेत भैरहेको छ । कोभिडको संख्या तथा विस्तारको क्रम केही मत्थर भएता पनि पूर्णरुपमा नियन्त्रण भै नसकेको र सङ्क्रमण पुनः फैलन सक्ने सम्भावना कायम रहेको छ । तसर्थ कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, संक्रामक रोग ऐन २०२० को दफा (२) र स्थानीय प्रशासन ऐन २०२८ को दफा (६) को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०६/२० गते विहान ००:०१ बजे देखि २०७८/०७/०७ गते राति १२:०० बजेसम्म लागू हुने गरी देहाय अनुसारको आदेश जारी गरिएको छ । यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति, संघ, संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ ।

<u>देहायः</u>

१) कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि अनिवार्य रुपमा मास्कको प्रयोग तथा आवश्यकता अनुसार सेनिटाईजर प्रयोग गर्ने ।

२) गुद्री बजार, हाट बजार, सब्जी मण्डी संचालन गर्दा भिडभाड नगरी स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी बेलुकी ६:०० बजेसम्म सञ्चालन गर्न पाउने ।

३) स्वीमिङ पुल, फुटसल, रंगशाला, कभर्ड हल हाललाई सञ्चालन नगर्ने ।

४) मेला, जात्रा, महोत्सव जस्ता भिडभाडजन्य कुनै पनि गतिविधि सञ्चालन नगर्ने/नगराउने ।

५) कुनै पनि स्थानमा जम्मा भई कुनै पनि प्रकारका भेला, जुलुस, सम्मेलन, छलफल, गोष्ठी, सेमिनार, विवाह, ब्रतबन्ध, पार्टीजस्ता भिडभाड हुने कार्य नगर्ने/नगराउने । तर कानून बमोजिम गर्नै पर्ने साधारण सभा/सम्मेलन अधिवेशनको हकमा स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी जिल्ला कोभिड-१९ व्यवस्थापन समिति (DCMC) लाई अग्रिम जानकारी गराई सञ्चालन गर्न पाउने ।

६) भौतिक दूरी कायम गरी, मास्क, सेनिटाइजर र व्यक्तिगत स्वास्थ्य सुरक्षा सामाग्री प्रयोग गरी तथा तोकिएको मापदण्ड प्रयोग गरी खाद्यवस्तु, डेरी, दुध तथा दुधजन्य पदार्थ बिक्री गर्ने पसलहरु, इन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफूल, खानेपानी, माछा, मासु, विद्यालयका पुस्तक बिक्री वितरण गर्ने पुस्तक पसल, कपडा पसल, सुन चाँदी पसल, सार्वजनिक निर्माणमा प्रयोग हुने छड, सिमेन्ट, इट्टा, डण्डी, विद्युतीय सामाग्री बिक्री गर्ने पसल लगायत सबै प्रकारका पसल, व्यवसायहरु बिहान ५:०० बजेदेखि बेलुका ९:०० बजेसम्म संचालन गर्न पाइने ।

७) उद्योग, कलकारखानाहरु स्वास्थ्य सुरक्षा मापदण्ड पालना हुने गरी सञ्चालन गर्न पाउने ।

८) वस्तु तथा सेवाको अनलाइन अर्डर गरी होम डेलिभरी सेवाका कार्य गर्न पाउने ।

९) सरकारी कार्यालय, सार्वजनिक संस्थान, बैंक, बिमा, सहकारी लगायतका कार्यालयहरुले स्वास्थ्य सुरक्षाको मापदण्ड पालना हुने गरी नियमित सेवा प्रवाह गर्ने ।

१०) लोकसेवा आयोग र अन्य निकायहरुले नियमित परीक्षाहरु स्वांस्थ्य सुरक्षाको मापदण्ड पालन हुने गरी सञ्चालन गर्ने ।

११) स्वास्थ्यको मापदण्ड पालना गरी गराइ राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन कार्य सञ्चालन गर्ने ।

१२) चलचित्र हलहरु संचालन गर्दा स्वास्थ्य सुरक्षा मापदण्ड पालना हुने गरी अलटरनेट सिट खाली राखी संचालन गर्न पाउने ।

१३) शैक्षिक संस्थाले भौतिक उपस्थितिमा पठन-पाठन संचालन गर्दा स्वीकृत स्मार्ट लकडाउन सम्बन्धी कार्यविधिमा उल्लिखित वस्तुगत सूचक अनुसार जोखिमको स्कोरिङ तथा विश्लेशन गरी विद्यालय संचालन गर्न सकिने अवस्था देखिएमा विद्यालय

व्यवस्थापन समितिको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहले जिल्ला कोभिड-१९ व्यवस्थापन समिति (DCMC) सँग समन्वय गरी पठन पाठन संचालनको निर्णय गर्न सकिनेछ ।

१४) होटेल, लज संचालन सम्बन्धमा जनस्वास्थ्यका निर्धारित मापदण्डहरु पालना हुने गरी संचालन गर्न पाइने । कोठाहरु प्रत्येक दिन अनिवार्य रुपमा निसंक्रमण (Disinfection) गर्ने ।

१५) सार्वजनिक सवारी साधनहरु संचालन गर्दा स्वीकृत सिट क्षमता अनुसार देहायका मापदण्ड पालन हुने गरी सञ्चालन गर्न पाउने ।

- सिट क्षमताभन्दा बढी यात्रु नराख्ने ।
- मास्कको अनिवार्य प्रयोग गरेको हुनु पर्ने ।
- सवारी साधनको ढोकामा सेनिटाईजरको व्यवस्था गर्ने ।
- सवारी साधन दैनिक रुपमा निसंक्रमण (Disinfection) गर्ने ।

१६) कुनै स्थानमा सङ्क्रमण दर बढी भइ आवतजावत लगायतका क्रियाकलापमा नियन्त्रण गर्नु पर्ने भएमा सम्बन्धित पालिकाले आफ्नो पालिका वा वडा वा कुनै स्थान तोकी सिलबन्दी गर्ने वा अन्य आवश्यक प्रबन्ध मिलाउने ।

१७) सिमा नाकाबाट प्रवेश गर्ने व्यक्तिहरुको स्थानीय तहबाट संचालित हेल्थ डेस्कबाट एन्टिजेन परीक्षण गरी पोजिटिभ रिपोर्ट आउनेलाई अनिवार्य रुपमा आइसोलेसनमा राख्ने व्यवस्था मिलाउने ।

१८) कोभिड-१९ संक्रमण बृद्धि भएमा आवश्यकता अनुसार पालिकाहरुले आफ्नो पालिकाभित्रको निश्चित क्षेत्र वा सम्पूर्ण पालिका नै सिल गर्न सक्नेछ ।

१९) होटेल, पसल व्यवसाय सञ्चालन गर्दा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना भए नभएको सम्बन्धमा जिल्ला तथा पालिकास्तरबाट अनुगमन हुनेछ ।

२०) कोभिड-१९ को संक्रमण दरका आधारमा यस आदेशमा भएका व्यवस्थाहरु जुनसुकै समयमा पनि पुनरावलोकन गर्न सकिनेछ ।

२१) अत्यावश्यक उपभोग्य बस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यबृद्धि गर्ने, जम्माखोरी गर्ने, वा लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२२) यस आदेशको पालना तथा कार्यान्वयनमा आवश्यक सहयोग, समन्वय तथा सहजीकरण हुन हार्दिक अनुरोध छ ।

२३) यो आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा हुने गरी कुनै कार्य गरेको/गराईएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

मितिः २०७८।६।२० गते बुधबार ।

..........................

(काशि राज दाहाल)

प्रमुख जिल्ला अधिकारी